# वन र जीवन

**विजयराज न्यौपाने**

म तिमीलाई आवास दिन्छु
तिमी बास बस्छौ र निदाउछौ ।
म तिमीलाई आगो दिन्छु
तिमी खाना पकाउछौ र खान्छौ ।
म तिमीलाई दुध दिन्छु
तिमी पिउछौ र बलिया हुन्छौ ।
म तिमीलाई ओखती दिन्छु
तिमी सेवन गर्छौ र निरोगी हुन्छौ ।
तिमी नढाँटी भन त
तिमी मलाई के दिन्छौ ?

तिमी वास लिएर
मेरो उठिबास मच्चाउछौ ।
तिमी आगो लिएर
म माथि डढेलो सल्काउछौ ।
तिमी दुध पिएर
मेरो छाती अठ्याउछौ ।
तिमी ओखती सेवन गरेर
मलाई रोगी तुल्याउछौ ।
भन त तिमी कति स्वार्थी छौ ?

मैले कुनै मोल-तोल गरेको छैन
मैले दिएको प्राण वायुको मूल्य
के तिमी अनुमान गर्न सक्छौ ?
मैले जोगाएको जलधाराको मूल्य कति ?
के तिमी आकलन गर्न सक्छौ ?
मैले दिएको पाली र धुरीखामाको मूल्य कति ?
जसबाट तिम्रो घरको मेरुदण्ड ठडिएको छ
के तिमी मूल्याङ्कन गर्न सक्छौ ?
अब आफै भन त तिमी कति विवेकी छौ ?

तिम्रो वल मिच्छयाइले कति मिचिए
कति धपिए कति बसाइँ सरे
कति लोप भएर गए ।
होस गर अर्कालाई मिच्दा मिच्दै
तिमी फेरि उठ्नै नसकिने गरी मिचिने छौ
चिन्तै चिन्ताले चूर्ण हुँदै जानेछौ
पछुतै पछुतोले विक्षिप्त हुने छौ
जुन बेला सच्चिन र सच्याउन पनि समय
सकिएको हुनेछ ।
भन त त्यतिबेला तिमी के गर्न समर्थ हुनेछौ ?

म आफूलाई सेवक सम्झेको छु
तिमी आफूलाई सेवक संझेका छौ
त्यसैले त तिम्रो हाम्रो सम्बन्ध
सौहार्द र दिगो बन्न सकेन
हो त्यसैले यिनै यथार्थतालाई आत्मसात गरेर
अब तिमी बिउँझिनु पर्छ
वन, वातावरण र जीवन बीच
सन्तुलन कायम रहनु पर्छ ।

(विजयराज न्यौपाने शिक्षक हुनुहुन्छ ।)